# भक्तपुर नगरपालिका

स्थानीय पाठ्यक्रम

२०७५

# Vjksf]klxrfg

आधारभूत शिक्षा (कक्षा ६)

**प्रस्तुतकर्ता**

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल :**

योगेन्द्रमान बिजुक्छें

सिद्धिरत्न शाक्य

उद्धव सुजखु

रोशनराज तुइतुईं

राजेन्द्रप्रसाद श्रेष्ठ

प्रकाशक : भक्तपुर नगरपालिका
नगर कार्यपालिका
भक्तपुर

© सर्वाधिकार प्रकाशकमा निहित

पहिलो संस्करण : वि.सं. २०७५ बैशाख
मुद्रण प्रति :

# भूमिका

नेपाल एक बहुभाषिक, बहुसांस्कृतिक, बहुजातीय र बहुधार्मिक तथा भौगोलिक विविधतायुक्त देश हो । विश्वका विभिन्न देश र स्थान विशेषका यस्ता विविधताहरू स्थानीय ज्ञान, सीप, भाषा, परम्परा र संस्कृतिसँग अन्योन्याश्रित सम्बन्ध हुन्छन् । यी रैथाने ज्ञान, सीप, परम्परा र संस्कृति एक दिनमा प्राप्त भएका अवश्य होइनन् । मानव सभ्यता विकासका हजारौं वर्षको क्रममा हासिल गरेका यी ज्ञान र सीप कुनै एक देश विशेषका मात्र नभई सम्पूर्ण मानव जातिकै सम्पत्ति मानिन्छन् । तर सोह्रौं सत्रौं शताब्दीदेखि पश्चिमा मुलुकहरूबाट ल्याटिन अमेरिकी, एशिया र अफ्रिकी देशहरूलाई उपनिवेश बनाउने क्रम थालिएसँगै स्थानीय ज्ञान, सीप र संस्कृति मास्ने काम पनि शुरू भयो । औद्योगिक क्रान्ति, उत्तर विश्वयुद्धकाल र बिसौं शताब्दीको उत्तरार्द्धसँगै शुरू भएको भूमण्डलीकरणको प्रभावमा बेपर्वाहसँग गरिएका आधुनिकीकरण र शहरीकरणले स्थानीय ज्ञान र सीप थप ओझेलमा पर्न गयो ।

तर आज विश्वका विभिन्न विश्वविद्यालयमा कार्यरत उत्तर औपनिवेशिक विद्वत वर्गले यस्ता स्थानीय ज्ञान र सीपको महत्वको बारेमा खोज अनुसन्धान गरी यसको संरक्षण र प्रवर्धनको बारेमा बहस चलाउन थालेका छन् । साथै संयुक्त राष्ट्रसङ्घ तथा युनेस्कोको तत्वावधानमा स्थानीय ज्ञान र सीपहरूको संरक्षण र विकासको लागि विभिन्न अभिसन्धि र महासन्धिहरूको निर्माण भएका छन् । आज यस्ता स्थानीय वा रैथाने ज्ञान, सीप, परम्परा र संस्कृतिलाई कुनै देश विशेषको भन्दा पनि विश्वकै सम्पदाको रूपमा अङ्गीकार गर्न थालिएको छ । हाम्रो देशको सन्दर्भमा पनि यस्ता रैथाने ज्ञान, सीप र परम्पराको संरक्षण र प्रवर्धन गरी नयाँ पुस्तालाई हस्तान्तरण गर्नु स्थानीय, प्रान्तीय र सङ्घीय तीनै तहका राज्यको समेत दायित्व हुनआएको छ ।

यही पृष्ठभूमिमा स्थानीय पाठ्यक्रम निर्माणको सैद्धान्तिक आधार तयार भएको देखिन्छ । साथै, शैक्षिक विकेन्द्रिकरणको अवधारणा तथा विविधतायुक्त देशमा केन्द्रीय तहमा निर्माण गरिने पाठ्यक्रमले स्थानीय ज्ञान, सीप, विशेषता र आवश्यकतालाई समेत प्रतिनिधित्व र सम्बोधन गर्न नसकिने भएकोले स्थानीय पाठ्यक्रमको निर्माण स्थानीय ज्ञान, सीप र स्रोतहरूको आधारमै निर्माण गर्नुपर्ने व्यवस्था गरिएको छ । समाजको समुचित र सन्तुलित विकासको लागि स्थानीय आवश्यकता तथा रूचिको उचित सम्बोधन गर्न स्थानीय पाठ्यक्रमले सहयोग गर्न सक्दछ । स्थानीय आवश्यकता र चाहनालाई समेटेर स्थानीय सरोकारवालाहरूको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी कार्यान्वयनमा ल्याउने गरिन्छ । नेपालको विद्यालय शिक्षाको सुधार गर्न ल्याइएको राष्ट्रिय पाठ्यक्रम प्रारूपमा शैक्षिक क्षेत्रमा देखिएका स्थानीय मुद्दा र चुनौतीलाई समाधान गर्न स्थानीय आवश्यकतामा आधारित शिक्षालाई विशेष जोड दिइएको छ । जसको उद्देश्य पूरा गर्नको लागि स्थानीय सरोकारवालाहरू जस्तै बुद्धिजीवी, शिक्षक, शिक्षाविद्, समाजसेवी, अभिभावक आदिको प्रत्यक्ष संलग्नतामा स्थानीय पाठ्यक्रम निर्माण गरी पठनपाठन गरिन्छ ।

स्थानीय निकाय सञ्चालन ऐन २०७४ ले माध्यमिक शिक्षा व्यवस्थापनको जिम्मेवारी स्थानीय तहलाई दिएअनुसार यहाँको स्थानीय आवश्यकतालाई ध्यानमा राखेर सम्भवतः नेपालमा नै पहिलो पटक स्थानीय तहबाट स्थानीय पाठ्यक्रमको निर्माण गरी कार्यान्वयनमा ल्याउन भक्तपुर नगरपालिकाले पहल गऱ्यो । यसको लागि भक्तपुर नगरपालिकाले २०७४ माघ २३ गते योगन्द्रमान बिजुक्छेको संयोजकत्वमा प्रा. सिद्धिरत्न शाक्य, उद्धव सुजखु, रोशनराज तुइतुई तथा राजेन्द्रप्रसाद श्रेष्ठ सम्मिलित पाँच सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गरी सो कार्यदललाई कक्षा १ र ६ को लागि स्थानीय पाठ्यक्रम निर्माण गरी बैशाख महिनाको पहिलो हप्ता भित्र बुझाउने गरी जिम्मेवारी सुम्पियो । कार्यदलद्वारा जिम्मेवारीलाई आत्मसात गरी पाठ्यक्रम निर्माण गर्दा अपनाउनुपर्ने कुराहरूप्रति सजग भई काम अगाडि बढाइयो । पाठ्यक्रम निर्माणको क्रममा भक्तपुर नगरका विभिन्न विद्यालयका प्रधानाध्यापकहरू, शिक्षकहरू तथा अभिभावकहरू र स्थानीय विज्ञहरूसँग छुट्टाछुट्टै कार्यशालाहरू तथा परामर्श बैठकहरूको आयोजना गरियो । साथै, लिखित सुझावको आह्वान गरी सुझावहरू पनि सङ्कलन गरी पाठ्यक्रममा समावेश गर्न सकिने विषयवस्तुहरू पहिचान गरियो । पछिल्लो चरणमा कार्यदलको चरणबद्ध र घनीभूत छलफल र कार्यशालाले पाठ्यक्रमको मस्यौदा तयार गरी पेश गरिएको छ ।

यस पाठ्यक्रमको कार्यान्वयन पक्ष अझ महत्वपूर्ण रहेको छ । यसको लागि सबै पक्षको सामुहिक प्रयास र प्रतिबद्धताको जति आवश्यक हुन्छ यसको अपनत्वको ग्रहण पनि उतिकै खाँचो हुन्छ। पर्याप्त समयाभावको कारणले यस मस्यौदालाई परिष्कृत गर्न सकिने ठाउँ अझै पनि बाँकी रहेको कार्यदलले महसुस गरेको छ। अर्को संस्करणको लागि सम्पूर्ण सरोकारवालाहरूबाट रचनात्मक सुझावको अपेक्षा पनि गरिएको छ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**भक्तपुर नगरपालिका**
**२०७५**

# नगर प्रमुखको भनाइ

भक्तपुर सांस्कृतिक रूपले अत्यन्त धनी नगर हो । **"पूर्खाले सिर्जेको सम्पत्ति, हाम्रो कला र संस्कृति"** नारा दिएर नगरपालिकाले यहाँको भाषा, कला–संस्कृति र सम्पदाहरूको संरक्षण गर्दै आएको छ । विद्यालयमा अध्ययन गर्ने विद्यार्थीहरूलाई कला–संस्कृति र सम्पदाहरूको महत्वबारे जानकारी दिन सकेमा ती वस्तुहरूको संरक्षण गर्न ठूलो योगदान पुग्ने हाम्रो विश्वास छ । विश्वव्यापीकरणको नाउँमा मौलिक सीप, प्रविधि, इतिहासलाई गौण बनाइँदै लगिरहेको स्थितिलाई ध्यानमा राखेर भक्तपुर नगरपालिकाले शैक्षिक वर्ष २०७५ देखि स्थानीय पाठ्यक्रम लागू गर्ने निर्णय गरेको हो ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ लागू भएपछि कक्षा १ देखि १२ सम्मको शिक्षाको जिम्मेवारी पनि स्थानीय तहमा आएको छ । ऐनमा भएको व्यवस्थाबमोजिम स्थानीय पाठ्यक्रम लागू गर्न २०७४ माघ २३ गते बसेको भक्तपुर नगर पालिकाको बोर्ड बैठकले योगेन्द्रमान बिजुक्छेको संयोजकत्वमा ५ सदस्यीय स्थानीय पाठ्यक्रम निर्माण कार्यदल गठन गर्‍यो । कार्यदलले २०७५ बैशाख २ गते कक्षा १ र कक्षा ६ को पाठ्यक्रमको मस्यौदा भक्तपुर नगरपालिकामा बुझायो । निर्धारित समयमा आफ्नो जिम्मेवारी पूरा गरी पाठ्यक्रम हस्तान्तरण गर्ने कार्यदलका संयोजक योगेन्द्रमान बिजुक्छे, सदस्यहरू सिद्धिरत्न शाक्य, उद्धव सुजखु, राजेन्द्र श्रेष्ठ र रोशनराज तुइतुईलाई हार्दिक धन्यवाद दिन चाहन्छौं ।

कार्यदलले भक्तपुरको इतिहास, भूगोल, जातजाति, संस्कृति, कला-सम्पदाहरू, सीप र प्रविधि, उपचार विधि, स्थानीय खेल र पर्यटनलगायत विविध ११ वटा विषयमा केन्द्रित भई तयार गरेको पाठ्यक्रम अत्यन्त उपयोगी हुने हाम्रो विश्वास छ । स्थानीय पाठ्यक्रम यही शैक्षिक सत्रदेखि भक्तपुर नगरपालिकाभित्रका सामुदायिक तथा संस्थागत विद्यालयहरूमा लागू गरिनेछ ।

भक्तपुरलाई ज्ञान-विज्ञानको केन्द्र बनाउने उद्देश्यले नगरपालिकाले शैक्षिक क्षेत्रमा विभिन्न गतिविधिहरू गर्दै आएको छ । स्थानीय पाठ्यक्रम बनाई लागू गर्ने कार्य भक्तपुर नगरपालिकाको अर्को पाइला हो । तत्काल पाठ्यपुस्तक बनाई वितरण गर्न सम्भव नभएको हुँदा शिक्षकहरूले पाठ्यक्रमकै आधारमा विद्यार्थीहरूलाई पढाउनु पर्नेछ । त्यसको निम्ति आवश्यक सहयोग नगरपालिकाले गर्नेछ ।

पाठ्यक्रम बनाई लागू गर्ने यो हाम्रो पहिलो अनुभव हो । यसमा भएका कमी कमजोरीहरूलाई सच्याएर आगामी दिनहरूमा अगाडि बढने विश्वास दिलाउन चाहन्छौं । धन्यवाद ।

**सुनिल प्रजापति**
**प्रमुख**
**भक्तपुर नगरपालिका**

# कृतज्ञता

यस पाठ्यक्रम निर्माणको क्रममा विद्यालयका प्रधानाध्याकहरू, शिक्षकहरू, अभिभावकहरू, स्वतन्त्र बुद्धिजीवीहरू, समाजसेवीहरू, सेवानिवृत्त शिक्षक समाज, विषयविज्ञहरू तथा अन्य व्यक्तित्वहरूले कार्यदललाई आवश्यक सल्लाह सुझाव र मार्गनिर्देशन गर्नुभएको छ । ख्वप(भक्तपुर) को इतिहास, राजनीति, साहित्य, कला र सम्पदा तथा संस्कृतिबारे आदरणीय श्री नारायणमान बिजुक्छेंज्यूले कार्यदललाई विभिन्न तथ्यहरूबारे अवगत गराउनुभयो । विषवस्तुहरूलाई पाठ्यक्रमको खाका प्रदान गर्न सहज बनाउनको लागि विषयविज्ञको रूपमा प्राविधिक सल्लाह र सुझाव दिनुहुने प्रा. पृथुचरण बैद्य, प्रा.डा. विद्यानाथ कोइराला, प्रा.डा.गणेशबहादुर सिंह, डा.लक्ष्मण ज्ञवाली, स.प्रा. विश्वमोहन जोशी, पाठ्यक्रम विकास केन्द्रका निर्देशक कृष्णप्रसाद काप्री, उप-निर्देशक खुबीराम अधिकारी, आयुर्वेद विज्ञानका ज्ञाता सप्तमान बैद्य, नेपालभाषा विज्ञ विमल ताम्राकारप्रति यस कार्यदल कृतज्ञता व्यक्त गर्दछ । अन्तमा कार्यदललाई सहयोग गर्ने भक्तपुर नगरपालिकाका कर्मचारीहरू, कार्यदलको कार्य सम्पादन गर्न आफ्नो कार्यालय र त्यहाँको फोटोकपी, प्रिन्टरजस्ता उपकरणहरू प्रयोग गर्न सहयोग गर्ने शारदा मा.वि, जेन्युइन स्कूल तथा अन्य प्रत्यक्ष र परोक्ष रूपमा सहयोग गर्ने सम्पूर्ण महानुभावहरूप्रति कार्यदल आभार व्यक्त गर्दछ । यस कार्यदलले आगामी दिनहरूमा पनि उहाँहरूको सहयोग र सद्भाव पाउने अपेक्षा गर्दछ ।

**स्थानीय पाठ्यक्रम निर्माण कार्यदल**
**भक्तपुर नगरपालिका**
**२०७५**

# विषय सूची


| विषय क्षेत्र | पृष्ठ सङ्ख्या |
|---|---|
| स्थानीय पाठ्यक्रम परिचय | १ |
| साधारण उद्देश्य | १ |
| कक्षा ६ पाठ्क्रम परिचय | २ |
| कक्षागत उद्देश्य | २ |
| ख्वपको पहिचान | ३ |
| क्षेत्र १ ख्वपको नामकरण र भौगोलिक अवस्थिति | ३ |
| क्षेत्र २ ख्वपको इतिहास | ५ |
| क्षेत्र ३ स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ६ |
| क्षेत्र ४ स्थानीय विविध संस्कृति | ८ |
| क्षेत्र ५ प्रचलित स्थानीय संस्कारहरू | ११ |
| क्षेत्र ६ स्थानीय बोलीचाली र लिपि | १३ |
| क्षेत्र ७ स्थानीय कला र सम्पदाहरू | १४ |
| क्षेत्र ८ स्थानीय व्यवसाय, सीप र प्रविधि | १७ |
| क्षेत्र ९ स्थानीय उपचार विधि | १९ |
| क्षेत्र १० स्थानीय खेल | २० |
| क्षेत्र ११ स्थानीय पर्यटन | २१ |
| कक्षा ६ को लागि मूल्याङ्कन प्रक्रिया | २२ |
| मूल्याङ्कनको प्रकार | २३ |
| अनुसूची १ | २४ |
| अनुसूची २ | २५ |
| अनुसूची ३ | २७ |
| ख्वपको नक्शा | २८ |

# स्थानीय पाठ्यक्रम

**पाठ्यक्रम शीर्षक : ख्वपको पहिचान**
**पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक**
**तह : आधारभूत शिक्षा तह**

**पूर्णाङ्क : १००**
**उत्तीर्णाङ्क :**
**प्रतिहप्ता पाठघण्टी : ४**
**जम्मा पाठघण्टी : १२८**

## पाठ्यक्रम परिचय

स्थानीय सरोकारवालाको आवश्यकता, चाहना र स्थानीय महानुभावहरूको राय सुझाबअनुसार स्थानीय विषयवस्तुहरू समावेशगरी स्थानीय पाठ्यक्रमको निर्माण गरिएको छ। यस पाठ्यक्रमबाट भक्तपुर नगरका कक्षा १ देखि ८ सम्मका विद्यार्थीहरूलाई आफ्नो पुस्तौंदेखि बस्दै आएको स्थानको विभिन्न पक्षहरूको ज्ञान, सीप र धारणा दिने हिसाबले **"ख्वपको पहिचान"** नामकरण गरी तयार पारिएको छ। ख्वपको पहिचान पूर्ण रूपमा हुन सकोस भन्ने लक्ष्य लिई यस अन्तर्गत एकाइका विभिन्न क्षेत्रहरू: ख्वपको नामकरण र भू-बनौट, ख्वपको इतिहास, स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या, स्थानीय विविध संस्कृति, प्रचलित स्थानीय संस्कारहरू, स्थानीय बोलीचाली र लिपि, स्थानीय कला र सम्पदा, स्थानीय व्यवसाय, सीप र प्रविधि र पर्यटन समावेश गरी स्थानीय पाठ्यक्रम निर्माण गरिएको छ। प्रत्येक क्षेत्रमा समावेश गरीएका पाठ शीर्षकहरूलाई कक्षा १ बाट कक्षा ८ सम्म आठ शैक्षिक वर्षभित्र शिक्षण सिकाई गराई आफ्नो स्थानमा रहेको विविध पक्षहरूको राम्रो पहिचान गराउने प्रयास गरिएको छ। यसमा परम्परागत शिक्षण विधि भन्दा बालकेन्द्रित शिक्षण सिकाई क्रियाकलापमा जोड दिई सैद्धान्तिक पक्षमा भन्दा व्यावहारिक पक्षलाई बढी जोड दिने प्रयास गरिएको छ।

## साधारण उद्देश्य

यस पाठ्यक्रममा उल्लिखित सबै क्षेत्रहरूको शिक्षण सिकाई पछि विद्यार्थीहरूमा निम्नलिखित कुराहरू(स्थानीय पक्षहरू)मा सक्षम हुनेछन् :

१) ख्वपको नामकरण र भू-बनौटबारे व्याख्या गर्न।
२) ख्वपको इतिहासको वर्णन गर्न।
३) स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या प्रस्तुत गर्न।
४) स्थानीय प्रचलित विविध संस्कृतिको वर्णन गर्न।
५) प्रचलित स्थानीय संस्कारहरूको महत्व बताउन।
६) प्रचलित विभिन्न स्थानीय बोलीचाली प्रयोग गर्न र प्रचलित लिपि र रञ्जना लिपि चिन्न
७) स्थानीय कला र सम्पदा पहिचान गर्न।
८) स्थानीय व्यवसाय, सीप र प्रविधिको पहिचान गर्न।
९) स्थानीय परम्परागत उपचार विधि प्रयोगमा ल्याउन।
१०) परम्परागत स्थानीय खेलहरू खेल्न।
११) पर्यटन व्यवसायलाई विकास गर्न आवश्यक आधारहरू तयार गर्न।

**शीर्षक : ख्वपको पहिचान**
**पाठ्यक्रमको प्रकृति : सैद्धान्तिक र प्रयोगात्मक**
**कक्षाः ६ (छ)**

**पूर्णाङ्क : १००**
**उत्तीर्णाङ्क : २०+२०**
**प्रतिहप्ता पाठघण्टी : ४**
**जम्मा पाठ घण्टी : १२८**

# परिचय

प्रस्तुत पाठ्यक्रम आधारभूत तह (कक्षा १ देखि कक्षा ८) मा कक्षा ६ को लागि तयार पारिएको स्थानीय पाठ्यक्रम हो । यस पाठ्यक्रमबाट विद्यार्थीहरूमा स्थानीय ज्ञान, सीप र धारणाको विकास गरी आफू बसोबास गर्दै आएको स्थानको माया मोह र स्थानीय विकासमा विद्यार्थीहरूको भूमिकाको जागरण गराउने प्रयास गरिएको छ ।

यस पाठ्यक्रममा ख्वपको उत्पत्ति, ख्वप नामकरणको कारण, नेवार जातिका विभिन्न थरहरू र केही विशिष्ट व्यक्तिहरू, स्थानीय संस्कृति, बोलीचाली र नेवारी लिपि, स्थानीय मन्दिर, विहार, पोखरी, ढुङ्गेधारा, चित्रकला, वास्तुकला, मूर्तिकला, कृषिजन्य र गैर कृषिजन्य पेशाहरू, लोकप्रिय दही बनाउने प्रविधिसमेतलाई समेटिएको छ । साथै स्थानीय जडीबुटी र उपचार विधिलगायत केही स्थानीय खेल र पर्यटन व्यवसाय विकास गर्न आवश्यक वातावरणसम्बन्धी जानकारी गराउने प्रयास गरिएको छ । यस पाठ्यांशमा परम्परागत शिक्षण विधिभन्दा सिकारू केन्द्रित विधिमा जोड दिइएको छ ।
यस पाठ्यांशको शिक्षण सिकाइ क्रियाकलापपछि विद्यार्थीहरू निम्नलिखित कार्यमा सक्षम हुनेछन् :

## कक्षागत उद्देश्य (Grade wise Objectives)

१) उपत्यकाको उत्पत्ति सँगसँगै ख्वपको उत्पत्ति र त्यसको भौगोलिक अवस्था, वातावरण तथा मौसमको बारेमा बताउन ।
२) ख्वप नामकरण हुनको कारण, ख्वपको प्राचीन समयको अवस्था र विकासक्रममा नेपाल सम्वत्को विकासबारे बताउन ।
३) ख्वपमा भएका नेवा समुदायका विभिन्न जातजाति र त्यस समुदायका विशेष व्यक्तिहरू (चार जना) को परिचय दिन ।
४) गाईजात्रा (सापारू) र त्यसबेला देखाइने नाचगान, सिथी नखः र सम्यक् पञ्चदान मनाउने तिथिमिति, सम्बन्धित ऐतिहासिक घटना, खानपिन र पूजा गर्ने मठ मन्दिर, मूर्तिबारे वर्णन गर्न ।
५) मचाजंक्व (पास्नी) र बाऱ्हा तयेगु (गुफा राख्ने) सम्बन्धी परिचय दिन र महत्व बताउन ।
६) स्थानीय बोलीचाली, प्रचलित र रञ्जना लिपि 'क' देखि 'ज्ञ' सम्म चिन्न र लेख्न ।
७) स्थानीय मन्दिर, विहार, पोखरी र ढुङ्गेधाराहरूबारे परिचय दिन र तिनीहरूको ऐतिहासिक घटना, महत्व र हालको अवस्थाबारे वर्णन गर्न ।
८) प्रचलित स्थानीय चित्रकला, वास्तुकला र मूर्तिकलाको परिचय र महत्वबारे भन्न ।
९) स्थानीय कृषिजन्य र गैर कृषिजन्य पेशाहरू, लोप हुन लागेको स्थानीय वेशभूषाहरू र स्थानीय संस्कारहरू तथा जन्मदेखि मृत्युसम्म गरिने संस्कारहरूको सूची बनाउन ।
१०) दही बनाउने प्रचलित नियमानुसार दही बनाउने तरिका प्रदर्शन गर्न ।
११) माटोबाट बन्ने वस्तुहरूको सूची तयार पार्न र खुत्रुके निर्माण प्रक्रिया बताउन ।
१२) स्थानीय जडीबुटीहरूको नाम र साधारण रोगको लागि तिनीहरूको प्रयोग गर्न ।
१३) परम्परागत 'मुसा बिरालो' खेल खेल्न र परम्परागत नियमानुसार 'कसिमला पाँय्' खेल खेल्न ।
१४) पर्यटनको परिचय दिन, पर्यटकीय स्थलको महत्व बताउन र पर्यटकहरूसँग शिष्ट व्यवहार गर्न ।

# भक्तपुर नगरपालिका
## स्थानीय पाठ्यक्रम, २०७५

**कक्षा ६**

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१. ख्वपको नामकरण र भौगोलिक अवस्थिति** | १. ख्वपको उत्पत्तिबारे बताउन । | - नेपाः देय् दहको स्वरूप, पानी बाहिर गएपछि बस्न लायक हुनु | ◆ समूह छुट्याई काठमाडौं उपत्यका तथा ख्वपको उत्पत्तिबारे विद्यार्थीहरूले सुनेका कथा छलफल गराउने र छलफलबाट प्राप्त कुराहरू प्रस्तुति गर्न लगाउने ।<br>◆ नेपाः देय् (उपत्यका) को खाल्डोका विभिन्न तस्बिरहरू र ठूलो दहको तस्बिर देखाउँदै ख्वपको उत्पत्तिबारे बताउने ।<br>◆ काठमाडौं उपत्यका बस्तीमा परिणत भएका तस्बिरहरू देखाउँदै विभिन्न किंवदन्ती र मिथकको चर्चा र छलफल गर्ने ।<br>◆ भिडियो फुटेजहरू देखाउँदै काठमाडौं उपत्यकाबारे अझ स्पष्ट पार्ने ।<br>◆ उपत्यका उत्पत्तिसँगै ख्वप पनि उत्पत्ति भएको स्पष्ट पार्ने ।<br>◆ विश्वको मानचित्रमा नेपाल र काठमाडौं उपत्यकाको पहिचान गर्न लगाउने । | - नेपाः देय्को खाल्डोका विभिन्न तस्बिरहरू<br>- ठूलो दहको तस्बिर<br>- काठमाडौं उपत्यका बस्तीमा परिणत भएका तस्बिरहरू<br>- अन्य भिडियो फुटेजहरू | ➲ नेपाः देय्को (उपत्यका ) नक्शा कोर्न लगाउने ।<br>➲ कथा भन्न लगा( उने । | ३ |
| | २. ख्वपको भौगोलिक अवस्थिति र यसको क्षेत्रफल भन्न । | - ख्वपको भौगोलिक अवस्थिति र क्षेत्रफल | ◆ ग्लोबको प्रयोग गरी अक्षांश र देशान्तरको अवस्थिति बोध गराई विद्यार्थीलाई नै ग्लोबमा देखाउन लगाउने ।<br>◆ शिक्षकले ख्वपको अक्षांश र देशान्तरको अवस्थिति बताउने ।<br>◆ समुद्री सतहदेखिको उचाइ छलफल गर्ने र ख्वप समुद्री सतहबाट कति उचाइमा छ भन्ने कुरा बताउने ।<br>◆ ख्वपको नक्सा कोर्न लगाई यसको क्षेत्रफलको चर्चा गर्ने । | - विश्वको मानचित्र र नेपालको छुट्टाछुट्टै नक्सा र एटलस<br>- भिडियो फुटेजहरू<br>- ग्लोब | ➲ ख्वपको नक्सा कोर्न लगाउने । | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | ३. ख्वपको वातावरण र हावापानीबारे बताउन । | - भौगोलिक वातावरण र हावापानी<br>- मौसमअनुसारको पहिरन | ◆ भिडियो फुटेजहरू प्रयोग गरी ख्वपको भौगोलिक अवस्थिति र क्षेत्रफलबारे अझ स्पष्ट पार्ने ।<br>◆ ख्वपको भू–बनोटअनुसार हावापानी निर्भर र हने कुरा बताउने ।<br>◆ एउटै समयमा नगरकोटको टावर र ख्वपको हाम्रो घरमा किन फरक तापमान हुन्छ भनी जिज्ञासा जगाउने ।<br>◆ विभिन्न ऋतुहरूमा किन विभिन्न खालको लुगा लगाइन्छ ? भनी प्रश्न गर्ने ।<br>◆ हिउँद, गृष्म र अन्य ऋतुहरू तथा ती याममा लगाउने पहिरनका तस्बिरहरू देखाउँदै यहाँको भौगोलिक वातावरण तथा हावापानीको बारेमा छलफल गर्ने । | - हिउँद, गृष्म र अन्य ऋतुहरू तथा ती याममा लगाउने पहिरनका तस्बिरहरू । | ➲ आफूसँग भएका विभिन्न पहिरनहरूको सूची तयार पार्न लगाउने ।<br>➲ यी कुन कुन महिनामा किन लगाउने हो भनी छलफल गराउने । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **२. ख्वपको इतिहास** | ४. समय रेखा बनाउन । | - ऐतिहासिक समय रेखाको जानकारी | ◆ आफ्नो जीवनको मुख्य–मुख्य घटनाहरू के के हुन् भनी छलफल गराउने<br>◆ ती घटनाहरूलाई समय रेखा कोर्न लगाई फिटिङ्ग गर्न लगाउने<br>◆ त्यस समय रेखामा सम्बन्धित तस्बिरहरू टाँस्न लगाउने । | - ऐतिहासिक समय रेखाको नमूना | ➲ अवलोकन गर्न | ४ |
| | ५. ख्वपको प्राचीन कालको अवस्था बताउन । | - प्राचीन अवस्था जस्तैः गोपालवंशी, महिषपाल, किराँत र लिच्छवी काल | ◆ प्राचीन कालको समयावधिको मोटामोटी जानकारी दिने ।<br>◆ ख्वपको प्राचीन राजनैतिक, आर्थिक, सामाजिक अवस्थाबारे छलफल गर्ने ।<br>◆ यी अवस्थालाई समय रेखामा अङ्कित गराई चार्ट बनाउन लगाउने । | - यी समयका विभिन्न केही तस्बिरहरू विभिन्न पत्र पत्रिका जस्तैः खोपृङ्ग श्रव्य दृश्य सामग्री पत्रपत्रिका, तस्बिरहरू | ➲ ख्वपको प्राचीन कालका तस्बिरहरू सङ्कलन गर्न लगाउने | ४ |
| | ६. ख्वप नामकरणबारे बताउन । | - ख्वप नामकरणको इतिहास | ◆ आ-आफ्नो नाम कसरी राखियो भन्नेबारे भन्न लगाउने ।<br>◆ बाजे, बज्यै वा अरू कसैले नामकरण गरेको हो कि भन्ने छलफल गराउने<br>◆ ख्वपको नामकरणको प्रसङ्गबारे बिस्तारै चर्चा गर्ने ।<br>◆ प्रचलित ऐतिहासिक तथ्य वा किंवदन्तीको चर्चा गर्ने ।<br>◆ किराँत काल र लिच्छवी कालदेखि खोपृङ्ग शब्द प्रयोग भैरहेको, खोपृङ्गबाट नै ख्वप बनेको, 'खो'को अर्थ अन्न र 'पृङ'को अर्थ उब्जनी हुने ठाउँ भन्ने कुरा बताउने । | | ➲ ख्वप नामकरण कसरी भयो ? | ४ |
| | ७. नेपाल संवत्को प्रारम्भ बारे बताउन । | - प्रारम्भको इतिहास | ◆ वि.सं., ई.सं. र ने.सं. सम्बन्धी प्रश्न गर्ने ।<br>◆ क्यालेण्डर देखाउँदै तिथिबारे पनि जानकारी गराउने ।<br>◆ शंखधर साख्वाःको तस्बिर देखाउँदै नेपाल संवत्को चर्चा गर्ने ।<br>◆ प्रारम्भको किंवदन्ती र अन्य कथाहरूको चर्चा गर्दै मानवतावादी शङ्खधर साख्वाःको परिचय दिने ।<br>◆ जनतालाई ऋण मुक्त गराई नयाँ संवत् शुरू गरेको कुरा बताउने ।<br>◆ थिमीको शङ्खधर चोकको सालिक अवलोकन गराउने । | - शङ्खधर साख्वाःको तस्बिर<br><br>- तिथि भएको भित्तेपात्रो | ➲ नेपाल संवत् को शुरूआत कसरी भयो ? | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **३. स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या** | ८. नेवार जातिको उद्भव (उत्पत्ति) बारे बताउन | - ख्वपमा नेवार जातिको उद्भव | ◆ आफ्नो नाम र थरका बारेमा एकछिन छलफल गराउने ।<br>◆ आफ्नो घरमा बोल्ने मातृभाषा के के हुन् भनी छलफल गर्ने ।<br>◆ नेपालको कुन कुन क्षेत्रमा नेवार जाति उल्लेखनीय सङ्ख्यामा छन् भनी नेपालको नक्सामा देखाउने ।<br>◆ नेवारहरूका पुर्खा को हुन् भनी छलफल गराउने ।<br>◆ किराँत र लिच्छवी जातका व्यक्तिहरूका तस्बिरहरू सङ्कलन गर्न लगाउने र किराँत र लिच्छवी कालबाट नै नेवार जातिको उद्भव भएको जानकारी दिने । | - किराँत र लिच्छवी कालका मानिसका तस्बिरहरू, नेपालको नक्सा | ➲ नेवार जातिको उद्भव कसरी भयो ? | ३ |
| | ९. ख्वपका नेवार समुदायका विभिन्न जात र थरहरूको बारेमा बताउन । | - नेवारका विभिन्न थरहरू जस्तैः सुवाल, दुवाल, शाक्य, हाडा, सुकुपायो आदि । | ◆ आफूले थाहा पाएका तथा सुनेका विभिन्न थरहरू (जस्तै सुवाल, दुवाल, शाक्य, हाडा, सुकुपायो ) टिप्न लगाउने ।<br>◆ एउटै जातका भएर पनि किन थरहरू फरक फरक भएका हुन् भनी छलफल गराउने ।<br>◆ फ्लास कार्ड देखाउँदै थर र त्यसको अर्थबारे छलफल गर्ने ।<br>◆ जात र थरहरू विभिन्न आधारमा रहन गएको बारेमा चर्चा गर्ने । | - फ्लास कार्ड | ➲ श्रम विभाजन अनुसार नेवार जातका कुन कुन थरहरू बनेका छन् ? | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | १०. ख्वपका विशेष व्यक्तिहरूको परिचय दिन | - व्यक्तित्वहरूको नाम र उनीहरूको योगदान जस्तैः काजीमान कर्माचार्य, विवेकदास वस्ताज, रामशेखर नकर्मी, लीला भक्त मुनंकर्मी | ◆ विद्यार्थीलाई मनपर्ने कुनै एक व्यक्तिको नाम र मनपर्नुको कारण पनि भन्न लगाउने ।<br>◆ विश्वका विभिन्न विशेष व्यक्तिहरूको नाम भन्न लगाउने ।<br>◆ उनीहरू क्षेत्रसँग सम्बन्धित भनी कुन समूह छुट्याउन लगाउने जस्तैः खेल, राजनीति, कला, शिक्षा इत्यादि<br>◆ उनीहरूको योगदानको चर्चा गराउँदै उनीहरू किन विशेष व्यक्तित्व भएका हुन् छलफल गराउने ।<br>◆ ख्वपका त्यस्ता विशेष व्यक्तित्वहरूका नाम भन्न लगाउने ।<br>◆ टेबल बनाई उहाँहरूको क्षेत्र छुट्याउन लगाउने ।<br>◆ उहाँहरूको योगदानको चर्चा गर्ने । | - काजीमान कर्माचार्य, विवेकदास वस्ताज, रामशेखर नकर्मीका फोटोहरू<br>- जीवनी पुस्तिका | ➲ ख्वपका कुनै चार विशिष्ट व्यक्तिहरूको चर्चा गर्दै योगदानको चर्चा गर्नुहोस् । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **४. स्थानीय विविध संस्कृति**<br><br>**क) हिन्दू संस्कृति**<br><br>**सापारू (गाईजात्रा)** | ११. ख्वपको सापारूलाई कहिले र कसरी मनाइन्छ भन्ने कुरा व्याख्या गर्न ।<br>१२. सापारूमा डोकोमा बनाइएको साँचा (गाई) र ताहामचा (ठूलो गाई) ल्याउनुको ऐतिहासिक घटना वर्णन गर्न ।<br>१३. ख्वपमा सापारू कति दिनसम्म के कस्तो नाचगानसहित मनाउने गरिन्छ बताउन ।<br>१४.यस पर्वमा खाने पिउने परिकारको महत्व बताउन ।<br>१५. ख्वपको परम्परागत नाचगान र बाजागाजाको अस्तित्व बचाई राख्न यस पर्वले महत्वपूर्ण भूमिका खेल्ने कुरा छलफल गर्न । | - ख्वपमा सापारू श्रावण शुक्ल पूर्णिमाबाट भाद्र कृष्णाष्टमीसम्म आठ रात र नौ दिन मनाउने<br>- साँचा (गाई) र ताहामचा (ठूलो गाई) नगर परिक्रमाको ऐतिहासिक घटनाको वर्णन<br>- यस जात्रामा देखाइने नाचगान, रामायण, ख्याल, गाईंचाको व्यङ्ग्यात्मक गीत, दबुनाटक आदि<br>- यस पर्वमा खाने क्वाँटी, ग्वार्चा, फलफूलको महत्व<br>- ख्वपका परम्परागत विभिन्न थरीका नाचगान र बाजाहरूको संरक्षण र प्रयोगमा यस पर्वको महत्वपूर्ण भूमिका<br>- यस पर्वमा देखापर्ने अन्धविश्वास परम्परा, मान्यता (गाई बनाई घुमाउनाले गाईको पुच्छर समातेर बैतर्नी तर्ने मान्यता) | ◆ मैत्रीपूर्ण कक्षा वातावरण बनाई सापारू सम्बन्धी विद्यार्थीहरूको अनुभव प्रस्तुत गराउँदा निम्न लिखित प्रश्नहरूसँग सम्बन्धित बुँदाहरू आएमा सम्बन्धित प्रश्न सोध्ने ।<br>प्रश्नहरू :<br>◆ सापारू (गाईजात्रा) कहिले र कति दिन मनाइन्छ ?<br>◆ डोकोमा बनाइएको सानो साँचा (गाई) र लामो बाँसबाट बनाइएको ताहामचा (ठूलो गाई) ले के कसको प्रतीक जनाउँदछ ?<br>◆ ताहामचासँग घिन्तांघिसि वा रामायण वा अरू नाचहरू ल्याउनै पर्ने बाध्यता छ ?<br>◆ यी ताहामचाहरू नगर परिक्रमा गराउनुपर्ने कारण के होला ?<br>◆ तस्बिर देखाई यस सम्बन्धमा ऐतिहासिक घटनाको वर्णन गर्ने ।<br>◆ यस पर्वमा खाने महत्वपूर्ण क्वाँटीसम्बन्धी छलफल गर्ने र क्वाँटीको महत्वको व्याख्या गर्ने ।<br>◆ ख्वपको परम्परागत नाचगान र बाजागाजाको संरक्षण र जीवन्त बनाई राख्न यस पर्वले महत्वपूर्ण भूमिका खेल्ने कुरालाई स्पष्ट पार्ने ।<br>◆ डकुमेन्ट्री देखाई सापारूबारे अझ स्पष्ट पार्ने ।<br>◆ विद्यार्थीहरूलाई उपयुक्त समयमा घिन्ताङघिसि खेलाउने । | - डोको साँचा र ताहामचा साँचाको तस्बिर<br><br>- घिन्ताङघिसि तथा विभिन्न नाचहरूको तस्बिर वा डकुमेन्ट्री<br><br>- प्रत्यक्ष अवलोकन | ➲ क्वाँटीको पौष्टिक तत्वसम्बन्धी एउटा छोटो लेख लेखाउने ।<br><br>➲ वर्तमान घिन्त( ांघिसिको सकारात्मक पक्ष र सुधार्नंपने ि पक्षलाई लिएर लेख लेख्न लगाई मूल्याङ्कन गर्ने । | ७ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ख) सिथी नखः** | ◆ १६. सिथी नखःमा गरिने पानीको स्रोत - तुंथि (इनार), बुंगा (कुवा), ल्वहंहिति (ढुङ्गेधारा), पुखू (पोखरी) को सरसफाइ र खाद्यान्नको प्रयोग सम्बन्धी वर्णन गर्न । | - सिथी नखः मनाउने तिथि र महिना<br>- सिथी नखःमा पूजा गर्ने देवी देवताहरू<br>- सिथी नखःमा गरिने पानीको स्रोतको सरसफाइ<br>- सिथी नखःमा खाने विशेष खानाहरू<br>- सिथी नखःले सिकाइदिन खोजेका महत्वपूर्ण सन्देशहरू | ◆ सिथी नखः मनाउने महिना र तिथि बताउने ।<br>◆ पानीका स्रोतहरू सफाइ गरी चुना पोटास आदि राखेको अवलोकन भ्रमणमा लग्ने ।<br>◆ सिथी नखः सम्बन्धमा सो दिन देवाली पर्नेहरूको एउटा समूह बनाई र नपर्नेहरूको पनि अर्को समूह बनाई आफ्नो आफ्नो समूहमा छलफल गराई टोली नेताबाट कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>◆ दुवै समूहको प्रस्तुतिमा नपुग कुराहरू टिप्दै देवाली पूजा, पानीका स्रोतहरूको सफाइ, र त्यस पर्वमा खाने अन्नको महत्वलाई झल्काई शिक्षकले अर्थपूर्ण व्याख्या गरिदिने ।<br>◆ सिथी नखःले दिन खोजेका सन्देशहरू जस्तैः भूमिलाई सम्मान गर्ने, पानीको स्रोत सफा गर्ने, भूमिलाई मल दिएर उब्जनी क्षमता बढाइदिने आदिलाई सारांशमा व्यक्त गर्ने । | - पानीको स्रोत सफा गरेको तस्बिरहरू वा भिडियो । | ➲ यस पर्वको महत्वलाई लिएर एउटा लेख लेख्न लगाई मूल्याङ्कन गर्ने । | २ |
| **ग) बौद्ध संस्कृतिः सम्यक् पञ्चदान पर्व** | १७. सम्यक् पञ्चदानबारे बताउन । | - सम्यक् पञ्चदानको अर्थ र महत्व<br>- कुन ठाउँमा सञ्चालन गर्दै आएको<br>- बौद्ध धर्ममा दान (दानपारमिता) को महत्व | ◆ सर्वप्रथम ख्वपमा रहेका पाँच दिपङ्कर बुद्धको बारेमा विद्यार्थीहरूसँग जानकारी लिई अस्पष्ट भएका कुराहरू शिक्षकले स्पष्ट पार्ने ।<br>◆ सम्यक् पञ्चदानको अर्थ र महत्व बताउने ।<br>◆ माघ १ गते घिउ चाकु सङ्क्रान्ति (माघे सङ्क्रान्ति ) का दिन थथु बहि अगाडि सम्यक् पञ्चदान हेर्न को को जानु भएको छ ?<br>◆ त्यहाँ कुन कुन बुद्धका मूर्तिहरू राखेको देख्नु भएको छ ?<br>◆ त्यो ठाउँको सांस्कृतिक नाम के हो ? | - फोटोहरू तथा डकुमेन्ट्री | ➲ सम्यक् पञ्चदान बारे परिवारले बुझेको कुरा सोधेर लेख्न लगाउने । | ५ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | | ◆ त्यहाँ के के गरेको देख्नु भयो ?आदि विभिन्न प्रश्नहरूको आधारमा विद्यार्थीहरूको अनुभव र विचारलाई व्यक्त गर्न प्रेरित गर्ने ।<br>◆ सम्यक् पञ्चदानका तस्बिरहरू वा डकुमेन्ट्री देखाई निम्न कुराहरू बताउने ।<br>◆ त्यस ठाउँलाई भुइख्यः वा जयकीर्ति महाविहार भनिन्छ ।<br>◆ त्यहाँ प्रदर्शित पाँचजना दिपंकर बुद्धहरू (पाँचपाण्डव होइन), ४ सम्यक् बुद्धहरू र १ स्वयम्भू चैत्य भनी व्याख्या गर्ने ।<br>◆ बुद्ध धर्ममा दानपारमिताको महत्वसम्बन्धी थोरै व्याख्या गर्ने ।<br>◆ चुडाकर्म गरिसकेका शाक्य भिक्षुहरू र बज्राचार्यहरूलाई विभिन्न ठाउँबाट आउनु भएका दाताहरूले चकलेट, विस्कुट, पैसा, अन्न दान गर्ने चलन स्पष्ट पार्ने ।<br>◆ ख्वपमा सम्यक् पञ्चदान सुरू गर्ने दाताहरूबाट चामल, पुरी, लड्डु र पैसा त्यहाँ रूमाल राखिबसेका सबैलाई पञ्चदान दिने चलनको व्याख्या गर्ने ।<br>◆ सम्भव भए माघ १ गते शैक्षिक भ्रमणको व्यवस्था गर्ने । | | | |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **५. प्रचलित स्थानीय संस्कारहरू** | १८.स्थानीय संस्कारहरूको सूची बनाई तिनीहरू मध्ये कुनै दुईको वर्णन गर्न । | - स्थानीय संस्कारहरू जस्तैः बच्चा जन्मेपछि जयबिलि ब्यंकिगु (चोख्याउने), चिपंथिकेगु (पास्नी), कय्ता बियेगु (ब्रतबन्ध), इहि(बेल विवाह), बाह्रा तय्गु ( गुफा राख्ने), इहिपा (विवाह), जङ्को (भीमरथारोहण) र मृत्यु संस्कार । | ◆ आफ्नो घरमा जन्मदेखि मृत्युसम्म गर्ने गरिएका परम्परागत संस्कारहरूको सूची बनाउन लगाउने ।<br>◆ प्राप्त सूचीलाई विद्यार्थीहरूको समूह बनाई कुनै दुईवटाको प्रतिवेदन प्रस्तुत गराउने ।<br>◆ प्रस्तुतिमा भएका कमिकमजोरीलाई पृष्ठपोषणका माध्यमबाट सुधार गरिदिने । | - जन्मदेखि मृत्युसम्म हुने विभिन्न सांस्कृतिक क्रियाकलाप, काजक्रिया झल्किने तस्बिर, पोष्टर, Visual | ➲ प्रतिवेदनको मूल्याङ्कन | ३ |
| **क) मचाजंक्व (पास्नी)** | १९.मचाजंक्व/चिपंथिकेगु (पास्नी) को परिचय र महत्व बताउन । | - नेवार जातिले बच्चा जन्मेको ५/६ महिना पुगेपछि अन्न खुवाउने (पास्नी) सोही दिन गहना लगाउने र आफन्तलाई बोलाई गर्ने उत्सवको रुपमा मनाउने कार्यको ब्याख्या । | ◆ आफ्ना साना भाइबहिनीहरूलाई जन्मिनासाथ के खुवाइन्छ ? कति महिनापछि अरू के के खुवाइन्छ ? भन्ने बारे छलफल गराई उत्तर बोर्डमा लेख्ने ।<br>◆ अन्न खुवाउने सुरूआत कसरी गरिन्छ ? बच्चालाई पोशाक के के लगाइदिइन्छ ? कसले खुवाउँछ ? क-कसलाई बोलाई के के गरिन्छ भनी प्रश्न उत्तरसहित अन्तरक्रिया गराउने ।<br>◆ मचाजंक्व गरेका फोटोहरू, उक्त अवसरमा बच्चालाई लगाइदिने गर गहनाको तस्बिर वा वस्तुहरू, खुवाउने चिजहरू देखाउँदै मचाजंक्व/चिपंथिकेगुको परिचय र महत्वबारे चर्चा गर्ने ।<br>◆ विद्यार्थीहरूलाई मचाजंक्वमा गर्ने कार्यहरूबारे सामूहिक विवरण प्रस्तुत गर्न लगाउने । | - मचाजंक्व गरेका तस्बिरहरू,<br>- उक्त अवसरमा बच्चालाई लगाइदिने गरगहनाको तस्बिर वा वस्तुहरू, खुवाउने चिजहरू | ➲ सहभागिता, प्रस्तुतिको अवलोकन | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **ख) बाऱ्हा तय्गु (गुफा राख्ने)** | २०. बाऱ्हा तय्गु (गुफा राख्ने) को परिचय र महत्व बताउन । | - ११/१२ वर्षका छोरीहरूलाई गरिने बाऱ्हा तय्गु संस्कारको वर्णन । | ◆ बाऱ्हा राखिसकेका छात्राहरूलाई आफू कति वर्षमा गुफा बसेको ? शुरूका दिन के गरियो ? खाना के के बार्नँपर्छ ? श्रृङ्गार, खेल सम्बन्धमा के के गरियो ? कसरी दिन बिताइयो ? को को आयो ? केके खाइयो ? के के कुराहरू गरिन्छ ? भन्नेबारे समूहगत छलफल गराई प्रस्तुत गर्न लगाउने ।<br>◆ बाऱ्हा राखिसकेपछि केटी मान्छेले के गर्न हुने, के गर्न नहुनेबारे सूची तयार गर्न लगाउने ।<br>◆ बाऱ्हा निकालेपछि सूर्यसँग विवाह (दोस्रो विवाह) बारे स्पष्ट पार्ने ।<br>◆ बाऱ्हा तय्गुका तस्बिरहरू, क्वलं, बाऱ्हा समय अवधिमा गरिने क्रियाकलापका तस्बिरहरू देखाउँदै केटीहरूको पहिलो महिनावारी शुरू हुनु पूर्व बाऱ्हा राखिने बारे बताउने<br>◆ बाऱ्हामा गरिने क्रियाकलापको भिडियो क्लिप्स देखाउँदै बाऱ्हा तय्गुको महत्व स्पष्ट पार्ने । | - बाऱ्हाका फोटोहरू,<br><br>- क्वलं, बाऱ्हा समय अवधिमा गरिने क्रियाकलापका तस्बिरहरू,<br><br>- बाऱ्हामा गरिने क्रियाकलापको भिडियो क्लिप्स | ➲ आजको सन्दर्भमा बाऱ्हा कति सान्दर्भिक छ ? लेख्नुहोस् । | ३ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **६. स्थानीय बोलीचाली र लिपि** | २१. अपरिचित व्यक्तिले विद्यालयसँग सम्बन्धित स्था( नीय भाषामा प्रश्नहरू सोध्दा जवाफ दिन । | - छंगु नां छु ?<br>- छ छु ब्वनेकुथि ब्वनेगु?<br>- ग्वगू तगिं ?<br>- ब्वनेकुथि गुलि इ:ले चाली ?<br>- गुली इ:ले त्व:ती ?<br>- ग्वम्हा विद्यार्थी द ?<br>- छंगु ब्वनेकुथि गोम्हा गुरू व गुरूमां दि ?<br>- छंगु ब्वनेकुथिया हेडमास्टरया नां छु ?<br>- छन्ता दकले य:गु विषय छु ?<br>-छन्ता य:गु कासा छु ख ?<br>(यो सँगै थप अरू पनि सिकाउन सकिनेछ) | ◆ विद्यालयसँग सम्बन्धित विभिन्न शब्दावलीहरूबारे छलफल गर्ने ।<br>◆ नबुझेका शब्दावली र वाक्यबारे शिक्षकले फ्लास कार्ड र चार्ट प्रयोग गरी स्पष्ट पार्ने ।<br>◆ विद्यार्थीहरूको विभिन्न समूह बनाई विद्यालयसँग सम्बन्धित स्थानीय भाषामा प्रश्नउत्तर गर्न लगाउने ।<br>◆ अभिनय विधि प्रयोग गरी दुई/दुई जनालाई अगाडि बोलाई संवाद गर्न लगाउने ।<br>◆ विद्यार्थीहरूले गल्ती गरेको ठाउँमा शिक्षकले सच्याइ दिने<br>◆ विद्यार्थीले भनेका संवादहरू मोबाइलबाट भिडियो वा अडियोमा रेकर्ड गरी पुनः विद्यार्थीलाई देखाउने र गल्ती भएका ठाउँमा औंल्याइदिने । | - मोबाइल, फ्लास कार्ड, चार्ट | ➲ अवलोकनबाट मूल्याङ्कन | ३ |
| | २२ प्रचलित लिपि र रञ्जना लिपि प्रयोग गरी क देखि ज्ञ सम्म लेख्न । | - प्रचलित लिपि र रञ्जना लिपि | ◆ यो नयाँ लिपि भएकोले शिक्षकले नै सेतोपाटीमा लिपिका अक्षरहरू लेखी सार्न लगाउने ।<br>◆ लिपिको फोटोकपी गरी सबै विद्यार्थीलाई अभ्यास गर्न लगाउने ।<br>◆ प्रचलित लिपि र रञ्जना लिपिको भिडियो क्लिप्स देखाइ सिकाउने ।<br>◆ प्रचलित लिपि र रञ्जना लिपिका जानकार गुरूलाई बोलाई कक्षा लिन लगाउने ।<br>◆ चार्ट देखाई सार्न लगाउने ।<br>◆ प्रत्येक बालकलाई फ्लास कार्ड देखाई अक्षर चिनाउने । | - प्रचलित लिपि र रञ्जना लिपिको चार्ट, फ्लास कार्ड, भिडियो क्लिप्स | ➲ अवलोकन गरी मूल्याङ्कन गर्ने । | ५ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **७. स्थानीय कला र सम्पदा** | २३. स्थानीय मन्दिरहरू, स्थानीय पोखरीहरू र स्थानीय ढुङ्गेधाराहरूबारे परिचय दिई तिनका विभिन्न पक्षहरूबारे वर्णन गर्न | - आफू बस्ने टोल वरपर का मन्दिरहरू<br>जस्तैः तधिछैं बहाः (चतुर्ब्रम्ह महाविहार), चासु देगः (चण्डेश्वरी मन्दिर), करूणामय (लस्कर द्यः) | ◆ तपाईंको घर वरपर कुन कुन मन्दिरहरू छन् भनी प्रश्न सोधी विद्यार्थीहरूले दिएको जवाफ सेतोपाटीमा टिप्दै छलफल गर्ने ।<br>◆ आफ्नो घर वरपरका मन्दिरहरूबारे आफ्नै आमा बुबा बाजे बज्यैसँग सो धपुछ गरी तिनका नाम, पुज्ने काम सोधी कक्षाको छलफलमा प्रस्तुत गर्न लगाउने ।<br>◆ ती मन्दिरहरूमा रहेका शिलालेखहरू टिपोट गर्न लगाई त्यसको ऐतिहासिक एवं सामाजिक महत्व थाहा पाउन लगाउने ।<br>◆ ती सम्पदाहरू कुन धर्मसँग सम्बन्धित छन् तिनीहरूको अवस्थाबारे प्रतिवेदन पेस गर्न लगाउने ।<br>◆ तधिछैं बहाः, चासु देगः, करूणामय (लस्कर द्यः)मा अवलोकन भ्रमण गराई प्रतिवेदन तयार गर्न दिने | - मन्दिरको चित्र , शिलालेखको तस्बिर , मन्दिर भित्रको मूर्तिको तस्बिर<br><br>- किंवदन्तीहरू बारे लेखिएका टिपोटहरू | ➲ छलफलमा स्पष्ट प्रस्तुति, प्रश्नउत्तर प्रतिवेदन प्रस्तुति<br><br>➲ मन्दिरहरूको तस्बिर टाँसी तस्बिर एल्बम बनाउन दिने । | ४ |
| | | - आफू बस्ने बस्तीमा रहेका पोखरीहरू<br>जस्तैः तेखापुखू, खँचापुखू, न्हादपुखू | ◆ विद्यार्थीहरूको घर वरपर रहेका पोखरीहरूको नाम सोध्दै सेतोपाटीमा टिप्ने ।<br>◆ ती पोखरीहरूबारे छलफल गर्ने ।<br>◆ ती पोखरीहरूबारे घरमा अभिभावकहरूसँग सोध्न लगाउने ।<br>◆ स्थानीय पोखरीहरूको निर्माणबारे आफ्ना अभिभावक, टोलका जानकार व्यक्तिहरूसँग भेटघाट र छलफल गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>◆ ती पोखरीहरूको उपयोगिताको बारेमा समूह कार्य गर्न लगाउने, पोखरी सुधार र निर्माणका प्रयासहरूबारे टोलबासीहरूबाट जानकारी लिन अवलोकन गराउने ।<br>◆ तेखापुखू, खँचापुखू, न्हादपुखू अवलोकन भ्रमण गराई कुनै एकको प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | - पोखरीको चित्र र तस्बिरहरू मर्मत गरिराखेका तस्बिरहरू | ➲ छलफलमा सहभागिता प्रश्नउत्तर र प्रतिवेदन प्रस्तुति | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | - आफू सँधै हिँड्ने, बाटामा पर्ने र आफ्नो नजिक पर्ने ढुङ्गेधाराहरू | ◆ आफूले स्थानीय क्षेत्रमा देखेका ढुङ्गेधाराहरूको गन्ती गर्न लगाउने ।<br>◆ तिनीहरूको उपयोगिता र महत्वबारे घरमा जेष्ठहरूसँग सोधपुछ गरी कक्षाको छलफलमा भाग लिन लगाउने ।<br>◆ ती ढुङ्गेधाराहरूको हालको स्थिति कस्तो छ वर्णन गर्न लगाउने ।<br>◆ कुनै एक ढुङ्गेधाराको अवलोकन गराई चित्रसहित प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | - ढुङ्गेधाराको चित्र | ➲ छलफलमा सहभागिता र प्रस्तुति | ३ |
| | २४. चित्रकला , वास्तुकला र मूर्तिकलाको परिचय र तिनीहरूको महत्वबारे वर्णन गर्न । | - चित्रकलाः सांस्कृतिक/ धार्मिक चित्र र भित्तेचित्र | ◆ सांस्कृतिक, धार्मिक चित्र र भित्तेचित्र कहाँ कहाँ कुन बेला आफूले देखेको हो समूह बनाई छलफल गर्न लगाउने ।<br>◆ तिनीहरूको सूची र महत्वबारे कक्षामा शिक्षक र साथीहरूसँग कुराकानी गरी प्रस्ट हुन लगाउने ।<br>◆ ती चित्रहरू बनाउँदै गरेको ठाउँमा अवलोकन गराई प्रतिवेदन प्रस्तुत गर्न लगाउने । | - सांस्कृतिक, धार्मिक चित्र र भित्तेचित्रको वास्तविक चित्रहरू | ➲ छलफल र अवलोकनमा सहभागिता, प्रतिवेदनको प्रस्तुतिबारे मूल्याङ्कन | ३ |
| | | - वास्तुकला : प्यागोडा शैली, स्तूप शैली र चैत्य शैली | ◆ विभिन्न मन्दिरहरूको तस्बिरहरू देखाई मन्दिरका शैलीहरूको जानकारी गराउने ।<br>◆ आफ्नो स्थानमा रहेका मन्दिरहरूको नाम सङ्कलन गरी शैलीअनुसार विभाजन गर्न लगाउने ।<br>◆ कुन धर्मकाले कस्तो शैलीको मन्दिर, स्तूपा र चैत्य बनाउँछन् ? छलफलबाट प्रष्ट पार्ने ।<br>◆ ती चित्र र नमुना भएको ठाउँको अवलोकन गराई प्रतिवेदन पेस गर्न लगाउने । | - विभिन्न शैलीका संरचनाहरूको फोटोहरू वा भिडियोहरू | ➲ चित्र देखाई प्रश्नउत्तर गर्ने<br>➲ प्रतिवेदन प्रस्तुतिको मूल्याङ्कन | ३ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | | -मूर्तिकला :<br>ढुङ्गाका मूर्ति, धातुका मूर्ति र काठका मूर्ति | ◆ स्थानीय क्षेत्रमा आफूले देखेका ढुङ्गाका मूर्तिहरू कहाँ कहाँ छन् ? ती कुन वस्तु, केको प्रतीक हो ? समूहमा छलफल गराई प्रस्तुत गर्न लगाउने ।<br>◆ त्यस्तै धातुका, काठका मूर्तिहरूबारे पनि सोधखोज गर्न लगाउने ।<br>◆ टोलका जेष्ठ नागरिकहरू, आफ्नै घरका अभिभावकहरूसँग सोधपुछ गर्न लगाउने ।<br>◆ ती मूर्तिका कला पक्ष (के को मूर्ति, मूर्तिमा रहेका बुट्टाहरू र अहिलेको अवस्था) बारे अवलोकन गरी कक्षामा प्रस्तुत गर्न लगाउने र त्यसबारे अझ स्पष्ट हुन शिक्षक विद्यार्थीहरूबीच छलफल गर्ने ।<br>◆ ती मूर्तिहरू किन निर्माण गरिए भन्नेबारे चर्चा गर्न लगाउने । | - ढुङ्गा, काठ र धातुका मूर्तिहरू भएको ब्रसर, तस्बिर र Visual file, ती मूर्तिका कलाकारहरूको ज्यासलमा काम गरिरहेका तस्बिरहरू | ➲ छलफल र अवलोकनमा सहभागिता प्रस्तुति | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **८. स्थानीय व्यवसाय सीप र प्रविधि क) पेशा** | २५. स्थानीय स्तरको कृषिजन्य पेशाको सूची बनाउन र कुनै तीन वटा स्थानीय पेशाको परिचय दिन । | - आफ्नो करेसा बारीमा उब्जाउने तरकारीः आलु सागपात, च्याउ<br><br>- आफ्नो करेसा बारीमा फल्ने फलफुलहरू, सुन्तला, अम्बा नास्पाती, हलुवाबेद, भोगटे<br><br>- आफ्नो घरमा भित्र्याउने बालीहरू धान, मकै, गहुँ तथा अन्य गेडागुडी | ◆ दैनिक खानेकुराहरूको सूची बनाउन लगाई ती खाद्यान्नहरू स्थानीय उत्पादन वा आयातित हो छुट्याउन लगाउने ।<br>◆ आफ्नो घर परिवारको आधारभूत आवश्यकताहरू पूरा गर्नको निम्ति कृषिमा आधारित केके काम गर्दै आइरहेको छ, त्यसबारे विद्यार्थीह बीच छलफल गरी सूची तयार पार्न लगाउने ।<br>◆ तरकारीबारी, करेसाबारी अन्य खेतीजन्य कार्यहरूमा आफूले सघाएका कामका विवरणहरू कक्षामा बताउन लगाउने ।<br>◆ परिवारले उत्पादन गरेका ती तरकारी वा फलफुल वा अन्नबालीहरू घर परिवारको उपभोगका लागिमात्र हो कि ती वस्तुहरू किनबेच गर्नको निम्ति पनि हो भनी व्यावसायिकताको जानकारी गराउने ।<br>◆ स्थानीय रूपमा उत्पादन हुने कृषिजन्य पेशाहरूमा अन्न उब्जाउने पेशा, तरकारी उब्जाउने पेशा, फलफुल उब्जाउने पेशा र तेलहन उब्जाउने पेशा बारेमा शिक्षकले विस्तृत व्याख्या गरिदिने । | - अन्न, गेडागुडी, सुकेका सागहरू राखेका प्लास्टिकका पाकेटहरू फलफुलका चित्र शब्द पत्ती, फ्लेक्स बोर्ड ब्रसर र Visual File | ➲ छलफल, अवलोकनमा सहभागिता, प्रतिवेदन र प्रश्नोत्तर | ४ |
| | २६. स्थानीय स्तरका गैर कृषिजन्य पेशाहरूको सूची बनाई कुनै तीन वटा गैर कृषिजन्य पेशाको परिचय दिन । | - खेतीपाती बाहेकका पेशाहरूः बैंक, कार्यालय, शिक्षण, सहकारी, फर्निचर वर्कसप, स्थानीय व्यापार काष्ठकला ,धातुकला कृषि औजार ढुङ्गाको कार्य, माटोको कार्य सिलाइ तथा बुनाइ कार्य आदि । | ◆ कृषिजन्य कामहरूबाहेक आर्थिक लाभका निम्ति आफ्ना परिवारका सदस्यहरू के के मा लागेका छन् छलफल गरी प्रस्तुत गर्न लगाउने ।<br>◆ विद्यार्थीबाट प्रस्तुत भएका गैर कृषिजन्य पेशाहरूको सामान्य जानकारी दिने ।<br>◆ विद्यार्थीहरूलाई तीन क्षेत्रमा नघटाई वास्तविक कार्यक्षेत्रमा अवलोकन भ्रमण गराउने र व्यवसायीसँग छलफल गरेर टिपेको बुँदाहरूको आधारमा प्रतिवेदन तयार गर्न लगाउने । | - विभिन्न पेशाकर्मी आफ्नो कर्मथलोमा रहेका तस्बिरहरू, औजारहरूका चित्रहरू,<br>- धातु ढुङ्गा,काठ बाट बनेका कलात्मक बस्तुहरू मूर्ति बुट्टासहितका झ्याल, ढोकाहरूको तस्बिर, ब्रसर र Visual File | ➲ छलफल, प्रस्तुतिमा सहभागिता, प्रश्नोत्तर सोध खोजमा गरेको कार्य, प्रतिवेदन र प्रश्नोत्तर | ४ |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| | २७. लोप हुन लागेका स्थानीय भेषभूषाहरूको सूची बनाई कुनै एकको निर्माण प्रक्रिया बताउन । | - ढाका टोपी, भादगाउँले टोपी र परम्परागत थैली बुन्न | ◆ तयारी कपडाबाहेक आफूले लगाएका कपडाहरू कहाँ सिलाउँछन् ? छलफल गराउने ।<br>◆ लोप हुन लागेको स्थानीय भेषभूषाहरूको सूची तयार गर्न लगाउने ।<br>◆ आफ्नो घरका परिवारले प्रयोग गर्ने ढाका टोपी , कालो टोपी र परम्परागत थैलीबारे सोधपुछ गरी कक्षामा प्रस्तुत गर्न लगाउने ।<br>◆ ढाका टोपी, कालोटोपी र परम्परागत थैली बुन्ने स्थान मध्ये कुनै एक ठाउँमा अवलोकन गराई निर्माण प्रक्रियाको प्रतिवेदन तयार गर्न लगाउने । | - ढाका टोपी, कालो टोपी र परम्परागत थैली | ➲ प्रस्तुति र प्रतिवेदनको आधारमा मूल्याङ्कन गर्ने । | ४ |
| **ख) स्थानीय प्रविधि** | २८. माटोबाट बन्ने बस्तुहरूको सूची तयार गर्न र खुत्रुकेको निर्माण गर्ने प्रक्रिया तथा उपयोगिता बताउन । | -माटो र माटोबाट बनाइने मूर्ति, खेलौना, भाँडाकुँडा -माटोका मूर्तिहरू, हिलिंचा, गाडी आदि<br><br>- खुत्रुकेको निर्माण | ◆ आफू सानो छँदा खेल्ने गरेको माटोका खेलौनाहरू बारे समूह छलफल गराई सूची तयार पार्न लगाउने ।<br>◆ खेतीजन्य माटो र भाँडाकुँडा बनाउने माटोको भिन्नता बताउने ।<br>◆ खुत्रुके देखाउँदै यसको महत्व तथा निर्माण प्रक्रियाको बारे छलफल गर्ने ।<br>◆ खुत्रुके बनाउने स्थानमा भ्रमण गराई यसको निर्माण प्रक्रियाबारे प्रस्तुत गर्न लगाउने । | - माटोबाट बनेका विभिन्न चित्रहरू वा वास्तविक वस्तुहरू, खुत्रुके र Visual footage हरू | ➲ प्रस्तुतीकरणको आधारमा मूल्याङ्कन गर्ने | ३ |
| | २९. दही बनाउने तरिका बताउन । | - जुजु धौको परिचय, दूधको जानकारी, भ्यगः (भिउँट) को प्रकृति, जमाउने वातावरणको जानकारी, जमाउनलाई चाहिने सामग्रीहरू | ◆ कस्तो दही तपाइँहरूलाई मीठो लाग्छ ? भनी प्रश्न गर्ने ।<br>◆ दही बनाउने स्थानबारे जानकारी लिने ।<br>◆ जुजु धौ कस्तो दूधबाट बनाइन्छ ? भनी प्रश्न गर्ने ।<br>◆ जुजु धौको नामकरण कसरी भयो । यो दही भक्तपुरको कुन कुन ठाउँमा कसरी बनाइन्छ भनी समूह बनाई कक्षामा छलफल गराउने ।<br>◆ जुजु धौ बनाउने प्रक्रिया र वातावरणबारे कक्षामा छलफल गर्ने ।<br>◆ जुजु धौ बनाउने स्थानमा अवलोकन गर्न लगाई प्रक्रिया र वातावरणबारे जानकारी लिन लगाउने ।<br>◆ विद्यालयको उपयुक्त स्थानमा दही बनाउन लगाई कक्षामा प्रदर्शन गर्न लगाउने । | - जुजु धौ बनाउन आवश्यक भाँडाकुँडा, दही बनाउन उपयुक्त दूध, भिडियो | ➲ जुजु धौ बनाउने प्रयोगात्मक कक्षामा सहभागिता, | ६ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **९. स्थानीय उपचार विधि** | ३०. स्थानीय जडीबुटीहरूको नाम बताउन ।<br><br>३१. साधारण स्थानीय उपचार विधिको प्रयोग गर्न । | - स्थानीय जडीबुटीहरू जस्तैः तुलसी, निम, हर्रो, बर्रो, अमला, खोलाचा घाँय् (घोड्ताप्रे) न्हाकं (सिस्नु), कोन्ह (घ्युकुमारी )<br>- साधारण उपचार विधि जस्तैः तुलसी पानी, नुन(बिरे, सिधे) पानी, बेसार पानी | ◆ आ-आफ्नो घरमा साधारण रूघा, ज्वरो आउँदा घरमा नै उपचार गर्ने घरायसी तरिकाहरू विद्यार्थीहरूसँग सोध्ने ।<br>◆ कुनै रोग लाग्दा घरैमा उपचार गर्न प्रयोग गरिएको कुनै जडीबुटीहरूको नाम सोध्ने र सेतोपाटीमा लेख्ने ।<br>◆ विद्यार्थीहरूबाट आएका नामहरूबारे छलफल गरी नआएका जडीबुटीहरूको नाम लेखी त्यसको उपयोगिता बताउने ।<br>◆ जस्तैः निम : घाउ खटिरा सफा गर्ने ।<br>अमला : भिटामिन सी पाउने ।<br>घोडताप्रे : घाउ हुँदा राख्ने ।<br>सिस्नु : अपचको लागि<br>कोन्ह : पित्त र अरूचिको लागि<br>◆ जडीबुटीको नाम र उपयोगिताको छलफलपछि सामान्य ज्वरो, रूघा आदिको लागि घरायसी उपचार विधिहरूको छलफल गर्ने ।<br>◆ विद्यार्थीहरूलाई थाहा भएको थप घरायसी उपचार विधि सोध्ने र त्यसलाई क्रमशः टिप्दै छलफल गर्ने ।<br>◆ थप उपचार विधिबारे छलफल गर्ने जस्तैः तुलसीको पात पानीमा उमालेर पिउँदा रूघा, ज्वरो निको हुने ।<br>बिरे नून र पानी उमालेर पिउँदा अपचको समस्या हट्ने ।<br>सीरे नून र पानी उमालेर पिउँदा घाँटीको समस्या समाधान हुने । | - वास्तविकि जडीबुटी<br>वा<br>- जडीबुटीको चित्रहरू | ➲ स्थानीय जडीबुटीहरूको कुनै पाँच वटा नाम बताउनुहोस् ।<br><br>➲ तुलसी पानी पकाउने विधि र उपयोगिता बताउनुहोस् ।<br><br>➲ विभिन्न जडीबुटीहरू सङ्कलन गरी कपीमा टाँस्नुहोस् । | ४ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **१०. स्थानीय खेलहरू** | ३२. स्थानीय खेलहरू खेल्न । | - छुं भौ कासा (मुसा र बिरालोको खेल)<br><br>- कसिमला पाँय् | **छुं भौ कासा**<br>◆ दुई जना विद्यार्थीहरू मध्ये एक जना बिरालो र एक जना मुसा बनाउने ।<br>◆ दुईजना विद्यार्थीले एउटा ३ मिटरको लामो डोरीलाई पासो बनाई मान्छे छिर्ने जतिको प्वाल बनाई दुवै जनाको खुट्टाले कुल्चेर राख्ने ।<br>◆ बिरालो बन्ने विद्यार्थी एकातिर र मुसा बन्ने विद्यार्थी अर्कोतिर राखेर बिरोलोलाई म्याउ र मुसालाई चिं आवाज निकाल्न लगाउने ।<br>◆ निश्चित समयमा बिरालोलाई पासो पार गराएर मुसालाई समाउन प्रयास गराउने तर मुसो, बिरालोलाई छलेर पासोमा छिरे मा मुसाको जित हुन्छ भने बिरोलोले मुसालाई समातेमा बिरालोको जित हुन्छ । बिरालो पासोमा परेमा पनि मुसाको जित हुन्छ ।<br>**कसिमला पाय्**<br>◆ चकले बराबर कोठाको १३ धर्काको दुवैतिर खुल्ला भएको लेख्ने ।<br>◆ शुरुदेखि प्रत्येक चार कोठामा चिन्ह बनाई पोङ्ग बनाउने ।<br>◆ एक पक्षलाई एकातिर र अर्को पक्षलाई अर्कैतिर भिन्न प्रकारको ढुङ्गा वा ईंटाका टुक्राहरू दुवैतिर बाहिर राख्न लगाउने ।<br>◆ चारवटा कप्टेरालाई पालैपालो क्रमशः दुवैलाई फ्याक्न लगाउने । जति आउँछ क्रमशः गोटी सार्दै अर्को पक्ष भएतिर अगाडि बढाउने ।<br>◆ जसले विपक्षका सबै गोटीहरू समाप्त गर्छ उही पक्षको जित हुन्छ । | - डोरी, चुन, बाँसको कप्टेरा चारवटा, चक, ढुंगा वा ईंटाका टुक्राहरू | ➲ अवलोकन गर्ने । | ७ |

| क्षेत्र | सिकाइ उपलब्धि/ विशिष्ट उद्देश्य | विस्तृतीकरण (सिकाइ उपलब्धि र विषयवस्तु) | सम्भावित शिक्षण सिकाइ क्रियाकलाप | सम्भावित शैक्षिक सामग्रीहरू | सम्भावित मूल्याङ्कन प्रक्रिया | पाठ्यभार |
|---|---|---|---|---|---|---|
| **११. स्थानीय पर्यटन** | ३३.पर्यटनको परिचय दिन र पर्यटकीय महत्व बताउन । | - पर्यटक, पर्यटन र प्रकार | ◆ सर्वप्रथम विद्यार्थीलाई कुनै ठाउँमा घुम्न गएका छौ ? भनी प्रश्न गर्ने ?<br>◆ पर्यटक भनेको के हो ? भनी प्रश्न गर्ने<br>◆ विद्यार्थीहरूबाट आएको उपयुक्त जवाफलाई प्रोत्साहन गर्ने ।<br>◆ एउटा देशबाट अर्को देशमा जाने व्यक्तिलाई अन्तर्राष्ट्रिय पर्यटक र एउटै देशमा एक ठाउँबाट अर्को ठाउँमा जाने व्यक्तिलाई आन्तरिक पर्यटक भनिन्छ भन्ने कुरा स्पष्ट पार्ने ।<br>◆ पर्यटकको अर्थ र पर्यटकको तस्बिर देखाई पर्यटकको बारेमा अझ स्पष्ट पार्ने ।<br>◆ भिडियो क्लिप्स देखाई पर्यटक र पर्यटनको बारेमा छलफल गर्ने ।<br>◆ पर्यटकसँग सम्बन्धित व्यवसाय पर्यटन हो भन्ने कुरा स्पष्ट पार्ने ।<br>◆ पर्यटकका प्रकारहरूबारे छलफल गर्ने ।<br>◆ आफू घुमेको ठाउँको बारेमा सूची बनाउन लगाउने ।<br>◆ विद्यार्थीलाई कुनै पर्यटकीय स्थलको भ्रमण गराउने र पर्यटक हुँदा अनुभूति गरेका कुराका आधारमा अन्य पर्यटकको आवश्यकता, चाहना, क्रियाकलाप, महत्व आदिको विश्लेषण गर्न लगाउने ।<br>◆ भ्रमणपछि भ्रमणको दैनिकी तयार गर्न लगाउने र आफ्नो अनुभव कक्षामा सुनाउन लगाउने । | - पर्यटकका तस्बिरहरू, चार्टहरू, भिडियो क्लिप्स | ➲ बालबालिकाले पर्यटकको भूमिका निर्वाह गरिरहँदा अवलोकन गरी पृष्ठ पोषण दिने ।<br>➲ भ्रमणपछि अनुभव सुनाउन लगाउने र प्रश्नोत्तर गरी मूल्याङ्कन गर्ने ।<br>➲ छोटो प्रश्न सोधी मूल्याङ्कन गर्ने । | ४ |
| | ३४. पर्यटकसँग शिष्ट व्यवहार गर्न । | - पर्यटकसँग गर्ने व्यवहार<br>- विदेशी पर्यटकसँगको बोलचाल र शिष्टता | ◆ पर्यटकसँग शिष्ट व्यवहार कसरी गर्न सकिन्छ ? समूहमा छलफल गर्ने ।<br>◆ पर्यटक र गाइडबीच भएको संवादको भिडियो क्लिप्स देखाई छलफल गर्ने ।<br>◆ पर्यटकसँग गरिने व्यवहारको भूमिकाबारे अभिनय गर्न लगाउने ।<br>◆ समूह बनाई पालैपालो पर्यटक र स्थानीय व्यक्तिबीच हुने संवादलाई अभिनयका साथ प्रदर्शन गरी अभ्यास गराउने ।<br>◆ विदेशी पर्यटकसँगको नम्र बोलचाल गर्ने अङ्ग्रेजी भाषाका सामान्य शब्दावली र वाक्यको भूमिका अभिनयका माध्यमबाट अभ्यास गराउने । | - भिडियो क्लिप्स् | ➲ अवलोकन गरी पृष्ठपोषण दिने<br>➲ विदेशी भाषाका सामान्य शब्दावली र वाक्यको प्रयोग गर्न जाने नजानेको आधारमा मूल्याङ्कन गर्ने | ४ |

# कक्षा ६ को लागि मूल्याङ्कन प्रक्रिया

## प्रयोगात्मक कार्य

यो प्रयोजनका लागि कूल पाठ्यघन्टीका ५० प्रतिशत समय दिनु अनिवार्य छ । कक्षाभित्र, कार्यशालामा वा स्थलगत परियोजना कार्यसमेतमा दिइएको समयलाई प्रयोगात्मक भारभित्र लिन सकिनेछ । प्रयोगात्मक कार्यका लागि स्थानीय स्तरमा उपलब्ध हुने स्रोत व्यक्तिहरूको समेत सहयोग लिनु पर्नेछ ।

## मूल्याङ्कन प्रक्रिया

ख्वपको पहिचान विषयको सिकाइ उपलब्धि मूल्याङकनका लागि सैद्धान्तिक परीक्षा र प्रयोगात्मक परीक्षाको व्यवस्था गरिएको छ । सैद्धान्तिक पक्षको मूल्याङ्कनका लागि कक्षामा विद्यार्थीहरूको विषयगत छलफलमा सहभागिता, गृहकार्य, प्रश्नोत्तर, प्रयोगात्मक क्रियाकलापहरूमा सहभागिता, प्रयोगात्मक क्रियाकलापका अभिलेखहरू र विभिन्न किसिमका परीक्षाहरू आदिको प्रयोग गर्नुपर्छ । कक्षा ६ को यस विषयमा ५० पूर्णाङ्कका सैद्धान्तिक परीक्षा र ५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षा हुनेछ ।

**५० पूर्णाङ्कको सैद्धान्तिक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :**

| क्र.सं. | विषय क्षेत्र | अङ्कभार |
|---|---|---|
| १ | ख्वपको नामकरण र भौगोलिक अवस्थिति | ४ |
| २ | ख्वपको इतिहास | ५ |
| ३ | स्थानीय विभिन्न जातजाति, व्यक्तित्व र जनसङ्ख्या | ४ |
| ४ | स्थानीय विविध संस्कृति | ६ |
| ५ | प्रचलित स्थानीय संस्कारहरू | ३ |
| ६ | स्थानीय बोलीचाली र लिपि | ३ |
| ७ | स्थानीय कला र सम्पदा | ८ |
| ८ | स्थानीय व्यवसाय सीप र प्रविधि | ८ |
| ९ | स्थानीय उपचार विधि | ३ |
| १० | स्थानीय खेलहरू | ३ |
| ११ | स्थानीय पर्यटन | ३ |
| | **जम्मा** | ५० |

त्यसै गरी प्रयोगात्मक पक्षको मूल्याङ्कनका लागि निम्नानुसारका आधारहरू लिनुपर्दछ :

- सोधखोज गरी प्रतिवेदन प्रस्तुति
- प्रयोगात्मक कार्यको अभिलेख
- सामग्री निर्माण र प्रयोग
- लघु परियोजना कार्य (योजनाको खाका निर्माण)
- मौखिक परीक्षा

**५० पूर्णाङ्कको प्रयोगात्मक परीक्षाका लागि अङ्कभार निम्नानुसार विभाजन गरिएको छ :**

| क्र.सं. | विवरण | अङ्कभार |
|---|---|---|
| १ | सोधखोज गरी प्रतिवेदन प्रस्तुति | १० |
| २ | प्रयोगात्मक कार्यको अभिलेख | ५ |
| ३ | सामग्री निर्माण र प्रयोग | २० |
| ४ | लघु परियोजना कार्य योजनाका खाका निर्माण | १० |
| ५ | मौखिक परीक्षा | ५ |
| | **जम्मा** | ५० |

पाठ्यक्रममा समावेश गरीएका विशिष्ट उद्देश्यहरू र तिनका विषयवस्तुहरूको आधारमा विद्यार्थीहरूको सिकाइ उपलब्धिहरूको मूल्याङ्कन गरिनुपर्दछ। उपलब्धि मूल्याङ्कनका आधारहरू निम्नानुसार निर्धारण गरिएका छन् :

१. विशिष्ट उद्देश्यहरूअनुरूप विद्यार्थीहरूले विषयवस्तुको ज्ञान हासिल गर्न सकेका छन् कि छैनन् भन्ने सम्बन्धमा निरन्तर मूल्याङ्कन गरिरहनुपर्छ।

२. हरेक एकाइको अध्यापन समाप्त भएपछि उक्त एकाइका बुँदागत रूपमा उत्तर दिन सक्षम भए नभएको पत्ता लगाई आवश्यक सहयोग पुऱ्याउनुपर्दछ। त्यसपछि मात्र अर्को एकाइ सुरू गर्नुपर्दछ।

३. यसरी गरिएका मूल्याङ्कनको आधारमा शिक्षण सिकाइमा आवश्यक सुधार गरी अध्यापनलाई अझ प्रभावकारी बनाउनुपर्दछ।

४. विद्याथीहरूले सिकेका ज्ञान, सीप र व्यवहारका कुराहरू अभिभावकलाई पनि जानकारी गराई र विद्यालय तथा घरमा विद्यार्थीले गर्ने क्रियाकलापका बारेमा शिक्षक-अभिभावकबीच अन्तरक्रिया गरेर सिकाइमा सुधार ल्याउन सकिन्छ।

५. ख्वपको पहिचान विषयको मूल्याङ्कन गर्दा विद्यार्थीहरूले समुदायमा सोध-खोज गरेका विषयवस्तुहरू उनीह( रूको आफ्ना सिर्जनाहरू, प्रतिवेदनहरूजस्ता विभिन्न कार्यहरूको शिक्षकद्वारा अवलोकन गरी उनीहरूको सिकाइ
उपलब्धिको मूल्याङ्कन गर्नुपर्दछ र मूल्याङ्कनको अभिलेख पनि राख्नुपर्दछ।

६. मूल्याङ्कन कार्यका लागि ज्ञान र बोध, प्रयोगात्मक तथा खोजमूलक सीप, समालोचनात्मक चिन्तन सीप र अभिवृत्ति पक्षलाई सँगसँगै समेटेको हुनुपर्दछ।

## मूल्याङ्कनको प्रकार

### क) निर्माणात्मक मूल्याङ्कन

- अवलोकन
- गृहकार्य
- साप्ताहिक परीक्षा
- मासिक परीक्षा
- एकाइ परीक्षा
- कक्षा परीक्षा आदि

### ख) निर्णयात्मक मूल्याङ्कन

- पहिलो त्रैमासिक परीक्षा– १० प्रतिशत
- दोस्रो त्रैमासिक परीक्षा– ३० प्रतिशत
- अन्तिम परीक्षा– ६० प्रतिशत

निर्णयात्मक मूल्याङ्कनको लागि निम्नानुसार आधारहरू तय गरिएका छन् :

| किसिम | प्रकार | अङ्कभार |
|---|---|---|
| लिखित मूल्याङ्कन | अति सङ्क्षिप्त उत्तर आउने प्रश्न | १० |
| | सङ्क्षिप्त उत्तर आउने प्रश्न | २० |
| | लामो उत्तर आउने प्रश्न | २० |
| प्रयोगात्मक मूल्याङ्कन | | ५० |
| जम्मा | | १०० |

## अनुसूचीः १

मिति २०७४ फागुन ४ गते शुक्रबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यशाला गोष्ठीमा उपस्थित प्रधानाध्यापकहरुः

| क्र.सं. | उपस्थिति | विद्यालय |
|---|---|---|
| १ | राम दुवाल | अक्सफर्ड ई. स्कूल |
| २ | हरिप्रसाद सञ्जेल | राजर्षी गुरुकुल |
| ३ | अम्बीका न्याईच्याई | बासु माध्यमिक विद्यालय |
| ४ | गंगाधर हाडा | मेधा स्कूल |
| ५ | अनिल श्रेष्ठ | महेन्द्र विद्याश्रम |
| ६ | गंगा प्रसाद याकामी | गणेश सेकेण्डरी स्कूल |
| ७ | महेन्द्र गोपाल कर्माचार्य | शान्ति निकेतन |
| ८ | श्रीकृष्ण किसी | आदर्श आजाद स्कूल |
| ९ | आशाकुमार चिकबन्जार | वाइज ल्याण्ड स्कूल |
| १० | तुल्सी राम ग्वाछा | नविन स्कूल |
| ११ | प्रदिप क्षेत्री | विद्याविकास स्कूल |
| १२ | कृष्ण प्रसाद धन्छा | वागीश्वरी माध्यमिक विद्यालय |
| १३ | रमेश श्रेष्ठ | ईष्ट प्वाइण्ट स्कूल |
| १४ | जयपाल हरि कायष्ठ | बाल सेवक स्कूल |
| १५ | श्रीराम आचार्य | मनकामना स्कूल |
| १६ | तीर्थ लक्ष्मी धन्छा | ब्रम्हायणी स्कूल |
| १७ | मदन सुवाल | लनर्स एकेडेमी |
| १८ | महेन्द्रलाल कायष्ठ | भारती स्कूल |
| १९ | विनोद प्रजापति | ख्वप्रिङ्ग एकेडेमी |
| २० | रीना लाखा | जेसिस स्कूल |
| २१ | मधु प्रधान | सन्तती प्रा.वि. |
| २२ | कृष्ण प्रसाद कर्माचार्य | स्रोत व्यक्ति |

## अनुसूचीः २

मिति २०७४ फागुन १८ गते शुक्रबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यशाला गोष्ठीमा उपस्थित विषय शिक्षकहरुः

| क.सं. | उपस्थिति | विद्यालय |
|---|---|---|
| १ | सुसम ताम्राकार | मेधा मा.वि |
| २ | रजनी के.सी. | शान्ति निकेतन मा.वि. |
| ३ | प्रेरणा तपोल | श्री बाल सेवक आधारभूत वि. |
| ४ | सुनिता घटुवा | बासु मा.वि. |
| ५ | सूर्यलक्ष्मी श्रेष्ठ | बासु मा.वि. |
| ६ | राजन लाखा | वागीश्वरी मा.वि |
| ७ | शोभा लक्ष्मी गोसाई | वागीश्वरी मा.वि |
| ८ | रविना ह्योंगोजू | बाल विकास इ. से. |
| ९ | इन्दिरा बासुकला | बाल विकास इ. से. |
| १० | राज्यश्वरी गाइजू | प्रभात इ. स्कूल |
| ११ | अनिता देशेमरु | प्रभात इ. स्कूल |
| १२ | रीना क्षेत्री | विद्या विकास |
| १३ | किरण थापा | विद्या विकास |
| १४ | पपी देवी रेग्मी | सैनिक आवासीय स्कूल |
| १५ | चाँदनी प्रजापति | सैनिक आवासीय स्कूल |
| १६ | नीरजना मास्के | सैनिक आवासीय स्कूल |
| १७ | सहना देवी मुनंकर्मी | सन्तति आ. वि. |
| १८ | शारदा कार्की | सन्तति आ. वि. |
| १९ | महेन्द्र लाल कायष्ठ | भारती आ. वि. |
| २० | बल्लराम कोजू | सैनिक आवासीय स्कूल |
| २१ | रोजी लाखा | लनर्स एकेडेमी |
| २२ | रञ्जना सिवाकोटी | रोम्बस से. स्कूल |
| २३ | मीना मघर | रोम्बस से. स्कूल |
| २४ | सोनि शाक्य | एभरेष्ट स्कूल |
| २५ | चण्डेश्वरी सुकुपायो | एभरेष्ट स्कूल |
| २६ | न्हुछेंमाया ह्योजू | शारदा मा.वि. |
| २७ | मञ्जु लागे | शारदा मा.वि. |
| २८ | विन्दीना त्यात | मनकामना स्कूल |
| २९ | विरेन्द्र चौधरी | मनकामना स्कूल |
| ३० | प्रनीना प्रजापति | जेसीस् इ. स्कूल |
| ३१ | रत्न राज्यश्वरी खयरगोली | जेसीस् इ. स्कूल |
| ३२ | टेक बहादुर क्षेत्री | मेधा से. स्कूल |

| | | |
|---|---|---|
| ३३ | राकेश शिल्पकार | वाइज ल्याण्ड स्कूल |
| ३४ | विष्णु प्रसाद खायमली | सैनिक आवासीय स्कूल |
| ३५ | कविता सुजखु | वाइज ल्याण्ड स्कूल |
| ३६ | जयलक्ष्मी ग्वाछा | वाइज ल्याण्ड स्कूल |
| ३७ | सुलोचना प्रजापति | ख्वप्रिङ्ग इ. एकेडेमी |
| ३८ | शिभानी शर्मा (राजपाध्याय) | ख्वप्रिङ्ग इ. एकेडेमी |
| ३९ | शर्मिला बोहजू | स्कलर्स होम |
| ४० | विनिता वातांकछी | स्कलर्स होम |
| ४१ | केशरी मैयाँ ग्वाछा | नविन आ. स्कूल |
| ४२ | इन्दीरा कोइराला | ब्रम्हायणी आ. स्कूल |
| ४३ | तारा देवी जोन्छें | ब्रम्हायणी आ. स्कूल |
| ४४ | सुजिता हाछेंथु | महेन्द्र विद्याश्रम |
| ४५ | अञ्जना मैनाली | महेन्द्र विद्याश्रम |
| ४६ | हेम शंकर भट्टराई | सैनिक आवासीय स्कूल |
| ४७ | हरि कृष्ण दनेगुलु | आदर्श आजाद मा.वि. |
| ४८ | विकास बस्नेत | विद्या आर्जन स्कूल |
| ४९ | हरिभक्त भडेल | विद्यार्थी निकेतन मा.वि. |
| ५० | गणेशराम थुसा | गणेश मा.वि. |
| ५१ | राज मान दयाङ्ग श्रेष्ठ | शान्ति निकेतन |

## अनुसूचीः ३

मिति २०७४ फागुन १२ गते शनिबार प्रमुख श्री सुनिल प्रजापतिज्यूको संयोजकत्वमा स्थानीय पाठ्यक्रम निर्माण सम्बन्धि कार्यशाला गोष्ठीमा उपस्थित अभिभावकहरुः

| क्र.सं. | उपस्थिति |
|---|---|
| १ | योगेन्द्र पोखरेल |
| २ | राममणि शर्मा (बास्ताकोटी) |
| ३ | कैलाश प्रसाद झा |
| ४ | जगन्नाथ खतिवडा |
| ५ | मंगलेश्वर ध्वजू |
| ६ | राजाराम तजले |
| ७ | ब्रजेश श्रेष्ठ |
| ८ | दीपेश राज शर्मा |
| ९ | सुशीला बखुन्छें गाइसीं |
| १० | हस्त बहादुर तामाङ्ग |
| ११ | गोपाल कृष्ण खर्वुजा |
| १२ | सूर्य बहादुर पञ्च |
| १३ | छेसङ तामाङ |
| १४ | चन्दन कोजू |
| १५ | राजेन्द्र मानन्धर |
| १६ | कृष्ण प्रधानाङ्ग |
| १७ | सविना प्रधानाङ्ग |
| १८ | रमिला सुवाल |
| १९ | मनोज कुमार झा |
| २० | दिलीप राज |
| २१ | जयराम गोर्खाली |
| २२ | सीता किसी |

| क्र.सं. | उपस्थिति |
|---|---|
| २३ | रत्न केशरी सुवाल |
| २४ | मैयाँ केशरी कोजू |
| २५ | रामलक्ष्मी अवाल |
| २६ | आम्बर दली श्रेष्ठ |
| २७ | पूर्ण नेपाली बिसुंके |
| २८ | प्रविन शाही |
| २९ | अरुण कुमार चौधरी |
| ३० | लक्ष्मी बज्राचार्य |
| ३१ | गौरी भुजु |
| ३२ | चञ्चल सुवाल |
| ३३ | दिवश शाक्य |
| ३४ | रामप्रसाद किसी |
| ३५ | रत्न भक्त दण्डेख्या |
| ३६ | शंकर आचार्य |
| ३७ | कौशल रत्न बज्राचार्य |
| ३८ | सुमित्रा पांटी |
| ३९ | रामसुन्दर किबानायो |
| ४० | मैयाँ त्वानाबासु |
| ४१ | अष्टलाल न्याइच्याइ |
| ४२ | जमुना काफ्ले |
| ४३ | अविता स्थापीत |


Bhaktapur Municipality
N
भक्तपुर नगरपालिका
1
2
3
4
5
6
7
8
9
10
Legend
Municipality Boundary
Ward Boundary
Municipality Center
Bkt_bnd_polygon
0
237.5
475
950
1,425
1,900
Meters
Source:
Topographic Sheets, Survey Department 1999
Ministry of Federal Affairs and Local Development